# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख ३० गते २०३१ साल

श्री ५ को सरकार

भूमिसुधार मन्त्रालयको

सूचना

भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ५२ ले दिएको अधिक प्रयोग गरी श्री ५ को सरकारले देहायका जिल्लाहरूमा मोहियानीसम्बन्धी मुद्दा मामिलाहरू कारवाई र किनारा गर्न देहायका पदाधिकारीहरू समावेश भएको समिति (ट्रिबुनल) ग गरेको छ र उक्त समितिको कार्यावधि मिति २०३० फागुन २० गतेदेखि शुरू हुने गरी तं महीना तोकिएको छ । समितिले भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को निम्न लिखित दफाहरूको अधिकार प्रयोग गर्नेछ । उक्त जिल्लाहरूको भूमि प्रशासन कार्यालयहरू परेका तत्सम्बन्धी किनारा हुन बाँकी मुद्दा मामिलाहरू उपरोक्त समितिमा सर्नेछन् र समि नै किनारा गर्नेछ । समितिको कार्यावधिसम्म उक्त ऐनको उक्त दफाहरूको अधिकार भू प्रशासकमा रहने छैन ।

| जिल्लाको नाम | समितिका पदाधिकारीहरू |
|---|---|
| (१) सप्तरी, मोरङ र झापा | – न्यायाधीश, सप्तरी जिल्ला अदालत, श्री विष्णुमान राजभण्डारी–अध्यक्ष, केन्द्रीय सदस्य नेपाल कि संगठन, श्री हेमबहादुर राजभण्डारी–प्रतिनिधि, शा.अ सु.मं. श्री केदारबहादुर हमाल–प्रतिनिधि । |

६७



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बारा, पर्सा र धनुषा – न्यायाधीश, कपिलवस्तु जिल्ला अदालत, श्री उदयमान श्रेष्ठ–अध्यक्ष, सभापति नेपाल किसान संगठन काभ्रे जिल्ला, श्री खड्गराज शर्मा–प्रतिनिधि, शा. अ. भू.सु.मं. श्री गणेशप्रसाद लम्साल–प्रतिनिधि ।

(३) दाङ, बाँके र कैलाली – न्यायाधीश, स्याङ्जा जिल्ला अदालत, श्री कृष्णप्रसाद पोखरेल–अध्यक्ष, केन्द्रीय सदस्य नेपाल किसान संगठन, श्री शेरबहादुर शेरचन–प्रतिनिधि, शा. अ. भू. सु. मं. श्री खेमराज शाह–प्रतिनिधि ।

समिति (ट्रिबुनल) लाई तोकेको अधिकारः–

(१) भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०३१ को दफा २९ अन्तर्गतको मुद्दाहरू हेरी किनारा लगाउने ।

(२) भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ३१ (क) अन्तर्गतका मुद्दाहरू हेरी किनारा लगाउने ।

(३) भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ३२ को उप–दफा (१) बमोजिमको अधिकार प्रयोग गर्ने ।

(४) भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ३८ को अधिकारबमोजिम कार्यवाही गर्ने ।

(५) भूमिसम्बन्धी (संशोधन सहित) ऐन, २०२१ को दफा ५३ बमोजिमको कार्यप्रणाली अनुसार काम गर्ने ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

६६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।